(दफा ४ तथा अनुसूची (१) को भाग (२) सँग सम्बन्धित

# विराटनगर महानगरपालिका

## स्थानीय राजपत्र

खण्डः६ सङ्ख्याः१० राजपत्रमा प्रकाशित मितिः२०८०/११/०५

## भाग २

# शहर सौन्दर्यकरण निर्माण, सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८०

# शहर सौन्दर्यकरण निर्माण, सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८०

*कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/११/०४*

**प्रस्तावनाः**

विराटनगर महानगरपालिका क्षेत्र भित्रका सार्वजनिक सडक डिभाईडर (मेडियन), पेटी, नाला, पैनी, चोक, खुल्ला क्षेत्र, सार्वजनिक स्थल, धर्मिकस्थल, नहर, सिंगिया तथा केशलिया नदी, छ लेन सडक मेडियन, हुलाकी मार्ग, पुष्पलाल चौक – विराट चोक मार्ग, रिङ रोड आदिमा वृक्षारोपण लगायत सौन्दर्यकरण गर्न स्वीकृत ईष्टिमेटका आधारमा गरीने घेरबार, पानी पटाउने साधन, मल, गोडमेल, विरूवा खरिद, मर्मत सम्भार, विद्युत जडान, कलर, चोक स्तम्भ आदि निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न बैंक, लघुवित्त संस्था, निजी क्षेत्र, अन्तराष्ट्रिय गैर सरकारी संस्था, गैर सरकारी संस्था, गैर आवसिय नेपाली, व्यक्ति, आदिको सहयोगमा महानगरपालिकाबाट गठित उपभोक्ता समिति मार्फत निर्माण गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी शहर सौन्दर्यकरण निर्माण, सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०८० बनाई जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भः</u> (क) यस कार्यविधिको नाम "शहर सौन्दर्यकरण निर्माण, सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८०" रहेको छ ।

(ख) यस निर्देशिकाको विस्तार महानगरपालिका क्षेत्रभित्र निर्माण गरिने सबै सार्वजनिक क्षेत्रहरूमा हुनेछ ।

(ग) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) "महानगरपालिका" भन्नाले विराटनगर महानगरपालिकालाई सम्झनु पर्नेछ ।

(ख) "सार्वजनिक स्थल" भन्नाले महानगरपालिका क्षेत्रभित्र निर्माण गरीने सबै सार्वजनिक स्थलहरूलाई सम्झनु पर्नेछ ।

(ग) "निर्देशिका" भन्नाले विराटनगर महानगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा आएको शहर सौन्दर्यकरण निर्माण, सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०८० लाई सम्झनु पर्दछ ।

(घ) "सहयोगी संस्था" भन्नाले यस परियोजनामा सहयोग गर्ने बैंक, लघुवित्त संस्था, निजी क्षेत्र, अन्तराष्ट्रिय गैर सरकारी संस्था, गैर सरकारी संस्था, गैर आवसिय नेपाली, व्यक्ति, आदिलाई सम्झनु पर्दछ ।

(ङ) "खाता सञ्चालन" भन्नाले महानगरपालिकाले उपभोक्ता समिति गठन गरी महानगरपालिकाको पत्र मार्फत अध्यक्ष, सचिव र कोषाध्यक्षको नाममा खोलिने खातालाई सम्झनु पर्दछ ।

(च) "सार्वजनिक स्थल" भन्नाले सार्वजनिक सडक डिभाईडर (मेडियन), पेटी, नाला, पैनी, चोक, खुल्ला क्षेत्र, सार्वजनिक स्थल, धर्मिक स्थल, नहर, सिंगिया तथा केशलिया नदी किनार, छ लेन सडक मेडियन, हुलकी मार्ग, पुष्पलाल चौक – विराटचोक मार्ग, रिङरोड आदिलाई सम्झनु पर्नेछ ।

३. <u>उदेश्यः</u>- यस निर्देशिकाको उद्देश्य निम्नानुसार रहेको छः

(क) शहरलाई शौन्दर्य गर्ने,

(ख) शहरको विकासमा महानगरपालिकाको एकल प्रयासले मात्र नभएर सबैको सहयोगमा विकास निर्माण हुने विषयलाई स्थापित गर्ने,

(ग)बैंक, लघुवित्त संस्था, निजी क्षेत्र, अन्तराष्ट्रिय गैर सरकारी संस्था, गैर सरकारी संस्था, गैर आवासिय नेपाली, व्यक्ति, आदिलाई परियोजनामा समन्वय गराउनु,

(घ) विकासमा सबैको अपनत्व गराउनु ।

## परिच्छेद २
## कार्यविधि र कार्य प्रणाली

सार्वजनिक क्षेत्रहरुको सौन्दर्यकरण योजनाको सबै संरचनाहरूको लागत ईष्टिमेट योजना तयार गरी सो को आधारमा कार्यालयबाट स्वीकृत गरी निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने छ ।

यो निर्देशिका अन्तर्गत निर्माण, सञ्चालन तथा व्यवस्थापन गरिने सौन्दर्यकरण कार्यमा बैंक, लघुवित्त संस्था, निजी क्षेत्र, अन्तराष्ट्रिय गैर सरकारी संस्था, गैर सरकारी संस्था, गैर आवसिय नेपाली, व्यक्ति, आदिबाट प्राप्त हुने रकम महानगरपालिकाबाट गठन भएको उपभोक्ता समितिको खातामासोझै रकम जम्मा हुने गरी रकम उपलव्ध गराउन सकिनेछ साथै सौन्दर्यकरणको लागत अनुसारको खर्चको प्रगति प्रतिवेदन सार्वजनिकिकरण, लेखा परिक्षण प्रतिवेदन आदि लिखित अभिलेख अनिवार्य रुपमा महानगरपालिकालाई बुझाउनु पर्ने र सोको अभिलेख महानगरपालिकाले सहयोगी संस्थाहरुलाई समेत उपलव्ध गराउन सक्नेछ ।

## परिच्छेद ३
## आर्थिक श्रोत सम्बन्धमा

सार्वजनिक स्थानहरूमा गरिने सौन्दर्यकरण योजना निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने कार्य महानगरपालिकाबाट लागत ईष्टिमेट तयार हुने र उक्त कार्यका लागि लाग्ने लागत रकम सहयोगी संस्थाहरुले उपलव्ध गराउने छन् । प्राप्त हुने रकम महानगरपालिकाद्वारा गठित उपभोक्ता समितिको खातामा सिधै जम्मा गर्नेछन । तर सो निर्माण कार्यको मुल्यांकन महानगरपालिकाको प्राविधिकले गर्नेछ ।

यस निर्देशिका बमोजिम महानगरपालिकाको सहजिकरण/पत्राचार मार्फत सहयोगी संस्थाबाट प्राप्त हुने रकम उपभोक्ता समितिलाई सोझै बुझाउनु पर्नेछ । सहयोगी संस्थाले महानगरपालिकालाई प्राप्त भएको रकमको पत्राचार गर्न माग गरे प्राप्त भएको रकम कुन उदेश्यका लागि प्राप्त भएको हो सो खोली पत्राचार गर्नुपर्नेछ ।

## परिच्छेद ४
## भौतिक संरचना निर्माण कार्य

यस निर्देशिका बमोजिम निर्माण, सञ्चालन तथा व्यवस्थापन हुने योजनाको सहायोगी संस्थाहरूबाट प्राप्त रकम महानगरपालिकाबाट स्वीकृत ईष्टिमेटको आधारमा महानगरपालिकाबाट गठित उपभोक्ता समितिले योजना निर्माण गर्नेछ । निर्माण गर्दा खरिद ऐन तथा नियमावलीको प्रावधान अनुसार खरिद तथा निर्माण प्रकृया अगाडी वढाउनेछन् । लागत ईष्टिमेट भन्दा फरक कार्य गर्नुपर्ने भए महानगरपालिकासंग पूर्व स्वीकृति लिई मात्र निर्माण कार्य गर्नुपर्नेछ । उक्त योजनाको निर्माण हुने संरचनाहरूको निर्माणका क्रममा योजनाको रेखदेख, अनुगमन आदि महानगरपालिकाले समेत गर्नेछ ।

## परिच्छेद ५
## बाधा अडकाउ फुकाउ सम्बन्धी

यस परियोजना कार्यान्वयनको सन्दर्भमा कुनै बाधा अडकाउ, उजुरी, विवाद वा जटिलता आएमा महानगरपालिका आफैले वा महानगरपालिकाले अख्तियार प्रत्यायोजन गरेको पदाधिकारी वा समितिले निर्णय गरे बमोजिम हुनेछ । सो निर्णय सबै सरोकारबालाको लागि मान्य हुनेछ ।